नेपाल सरकार

अर्थ मन्त्रालय

## महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

# सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना नं. २

प्रकाशित मितिः २०८३।०१।३१

यस कार्यालयमा रहेका तपसिल बमोजिमका पुराना सवारी साधनहरू (गाडी र मोटरसाइकल) आर्थिक कार्यविधि नियमावली २०७७ बमोजिम बोलपत्रको माध्यमद्वारा बिक्री गर्ने गरी निर्णय भएकाले निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति वा फर्मबाट यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कार्यालयको भण्डार शाखाबाट बोलपत्र खरिद गरी १६ औं दिनमा दिनको १२ बजे भित्र नियमानुसार यस कार्यालयमा बुझाउन हुन बोलपत्र आह्वान गरिएको छ ।

**सवारी साधनहरूको विवरणः**

सवारी साधनहरूः-

| क्र.सं. | मालसामानको नाम | एकाइ | लिलाम गर्नुपर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | गाडी (चार पाङ्ग्रे सवारी साधन) | संख्या | ५ | |
| २ | मोटरसाइकल (दुई पाङ्ग्रे सवारी साधन) | संख्या | १९ | |
| | | जम्मा | २४ | |

१. इच्छुक बोलपत्रदाताले महालेखा नियन्त्रक कार्यालयको आन्तरिक तथा आर्थिक प्रशासन शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले मिति २०८३।०२।१४ गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू.१०००। वाणिज्य बैङ्क,टेकुमा रहेको राजस्व खाता नं. १०००१००२०००१००००, कार्यालय कोर्ड ३०५०१३५०१, राजस्व शीर्षक नं. १४२२९ मा बुझाइ भौचरसहित बोलपत्रदाताको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र (२०८१/२०८२) वा इच्छुक व्यक्ति भएमा

नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न राखि बोलपत्र फाराम खरिदको लागि निवेदन पेस गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ र विदाको दिन परेमा अफिस खुल्ने दिन सोही समय हुनेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सवारी साधानहरू हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र यस कार्यालयको आन्तरिक तथा आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रसाथ बोलपत्रदाताले आफुले कबोल गरेको रकमको १० प्रतिशतका दरले हुन आउने एकमुष्ट रकम नेपाल राष्ट्र बैङ्क, थापाथली स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, बबरमहल, काठमाण्डौको नाममा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरी सोको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेस गर्नु पर्नेछ ।

७. बोलपत्रसाथ अद्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र (आ.व. २०८१/८२) को प्रतिलिपि अनिबार्य रुपमा संलग्न गरेको हुनुपर्नेछ । व्यक्तिको हकमा निवेदन र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

८. रीत नपुगेको वा म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अङ्कित भएको वा सर्त सहितको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. लिलाम गर्ने सम्पूर्ण समानहरूको न्यूनतम मूल्य मू.अ.कर बाहेक रु. ६,६३,०००.००। अक्षररुपी (छ लाख त्रिसठ्ठी हजार मात्र) कायम गरीएको छ ।

११. वोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र प्रचलित नेपाल ऐन कानून बमोजिम हुनेछ।

**आन्तरिक तथा आर्थिक प्रशासन शाखा**